फोन नं.०८६-४४०११८/४४०३०२
इमेल : akcrolpa@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,रोल्पा

## प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशन मिति:२०८०/०८/१७

कृषि ज्ञान केन्द्र,रोल्पाको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक आवेदकले आवश्यक कागजात संलग्न राखी सूचना प्रकाशित भएको मितिले दिन १५ (२०८०।०९।०१ गते भित्र) कार्यालय समयमा तोकिएको ढाँचामा यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।प्रस्ताव साथ पेश गर्नुपर्ने पर्ने प्रस्तावको ढाँचा,संलग्न गर्नुपर्ने कागजात,मापदण्ड,कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० लगायत आवश्यक विवरण यस कार्यालयको वेवसाईट www. rolpa.akc.gov.np बाट वा सम्बन्धित पालिकाको कृषि शाखाबाट समेत प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल:

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | अनुदान सिमा |
|---|---|---|---|---|
| १. | सिंचाई सहित कृषि विकास कार्यक्रम। | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, पम्पसेट लगायतका सिंचाई सामग्री खरिद।<br>• सिंचाई कुलो/पोखरी, स्यालो/डिप वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने।<br>• निजीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने।<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने।<br>• विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | • पूर्वाधार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, डेलिभरी पाईप, १ ईन्च वा सो भन्दा मुनिका पाईप) को हकमा अधिकतम ५० प्रतिशत।<br>• समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु १ लाख ५० हजार अनुदान। |
| २. | कृषि सहकारी संस्थालाई कृषि एम्बुलेन्स खरिदमा सहयोग। | • ढुवानी साधन खरिद गर्ने।<br>• ढुवानी साधन सञ्चालन विधि बनाई परिचालन गर्ने। | • बाली वस्तु उत्पादन तथा बजारीकरणमा संलग्न सहकारी/संस्था सहभागी हुन सक्ने।<br>• सवारी साधन खरिद गर्दा सम्बन्धित कार्यालयले स्वीकृत गरेको स्पेशिफिकेशन अनुसार कृषि उपज ढुवानीका लागि उपयुक्त Single cab pick up खरिद गर्नुपर्ने।<br>• ढुवानी योग्य परिमाणमा बालीवस्तु उत्पादन, संकलन तथा बजारीकरण कार्यमा संलग्न भएको संस्था हुनुपर्ने।<br>• नेपाल सरकार वा अन्य निकायबाट ढुवानी साधनमा अनुदान पाएका संस्थाले आवेदन दिन नसक्ने।<br>• ढुवानी साधनको स्वामित्व संस्थाको हुनुपर्ने र स्वामित्व हस्तान्तरण गर्न नपाइने। | • कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति ढुवानी साधन अधिकतम रू. १५ लाख अनुदान। |

मनोज कुमार सिंह
नि. कार्यालय प्रमुख

## प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. प्रस्तावकको निवेदन। (अनुसूची ३५ बमोजिम)

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।

५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३७ बमोजिम)।

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

७. दोहोरो अनुदान नलिएको स्वःघोषणा। (अनुसूची ४२ बमोजिम)।

८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।

९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।

११. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

*नोट : थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, रोल्पामा सम्पर्क राखु हुन तथा यस कार्यालयका सूचना अधिकारी अधिकृत छैटौं श्री खडक बहादुर बस्नेतको फोन नं. ९८५७८७७०११ र कार्यालयको सम्पर्क नं ०८६-४४०११८ र ०८६-४४०३०२ मा सम्पर्क राखु हुन अनुरोध गरिन्छ ।*

मनोज कुमार सिंह
नि. कार्यालय प्रमुख